त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौँ

प.सं./च.नं.

## स्नातकोत्तर कृषि, पशुविज्ञान/मत्स्यपालन र पशु चिकित्सा तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

**प्रकाशित मिति २०७८/११/११**

यस अध्ययन संस्थानको मिति २०७८/०९/२५ गतेको प्रकाशित सूचना अनुसार अध्ययन संस्थानअन्तर्गत सञ्चालित स्नातकोत्तर तहको प्रथम सेमेष्टरको भर्नाका लागि प्रवेश परीक्षा श्री नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान सानो भऱ्याङ, काठमाडौँमा हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। भर्ना प्रक्रियासम्बन्धी थप जानकारी निम्नानुसार छ।

### १. प्रवेश परीक्षा हूने समय र स्थान सम्वन्धमा

M.Sc. Ag र M.V.Sc अन्तर्गतका विषयहरुको प्रवेश परीक्षा २०७८□११□१४ गते विहानको ११:०० देखि १२:३० वजेसम्म र M.Sc.An.Sc./M.Sc.Aqua. विषयहरुको प्रवेश परीक्षा दिउसोको २:०० देखि ३:३० वजेसम्म सञ्चालन हुनेछ । सवै विषयको प्रवेश परीक्षा श्री नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, सानो भऱ्याङ काठमाडौमा गरिनेछ ।

### २. मेरिट लिष्ट

स्नातकोत्तर तहको प्रवेश परीक्षाको प्राप्ताङ्क लाइ १०० प्रतिशत आधार मानी मेरीट क्रमाङ्क प्रकाशित गरिनेछ । यदि प्रवेश परीक्षामा परिक्षार्थीहरुको विचमा प्राप्ताङ्क वरावर भएमा स्नातक तहको प्रतिशत/CGPA, सो बराबर भएमा +2 र सो पनि बराबर भएमा +2 को विषयहरु क्रमस: बायोलोजी, केमेस्ट्री, अंग्रेजी, गणित तथा फिजिक्स विषयको प्रतिशत/ग्रेड हेरी २०७८□११□१६ गते भित्र मेरीट क्रमाङ्क र भर्ना सम्बन्धी सूचना प्रकाशित गरिनेछ ।

### ३. छात्रवृत्ति एवं Institutional Development Fund (IDF) कोटा

एउटा कार्यक्रमको प्रवेश परीक्षा भित्र उत्तिर्ण भएका विद्यार्थीहरुलाई मेरीटको आधारमा छात्रवृत्ति एवं IDF शूल्क संख्या निर्धारण गरिनेछ । मेरीट क्रमांकका प्रथम २० प्रतिशत विद्यार्थीलाई IDF शूल्क लाग्ने छैन । दोश्रो २० प्रतिशत विद्यार्थीलाई आधा (Half IDF) र बांकी सबै विद्यार्थीलाई पूर्ण शूल्क (Full IDF) लाग्ने छ । यसरी प्रतिशत निकाल्दा जम्मा भर्ना संख्यालाई आधार मानिनेछ । प्रतिशत लिंदा विद्यार्थी संख्या दसम्लब (fraction) मा आएमा ०.५ वा सो भन्दा बढी भएमा माथिल्लो अंक र सो भन्दा कम भएमा तल्लो अंक कायम हुनेछ ।

### ४. भर्ना प्रकृया

४.१ प्रवेश परिक्षा उतिर्ण हूने जोकोहि भर्नाको लागि योग्य हूनेछन । M.Sc.Ag. परीक्षा उतिर्ण विद्यार्थीले M.Sc.Ag. र M.V.Sc. का विभागहरुमा भर्ना हून ईच्छूक विद्यार्थीहरुले मिति २०७८□११□१८ गते दिनको १२ बजे भित्र यस अध्ययन

पो.अ.ब. ९८४; फोनः ९७७-१-४३३०५००/४३३०६००; इमेलः info@iaas.edu.np; Website : www.iaas.edu.np

संस्थानको डीनको कार्यालय कीर्तिपूरमा अनिवार्य उपस्थित हूनूपर्ने छ । सोहि दिनको १२:०० बजे देखि ४ बजे सम्म विद्यार्थीले ईच्छाएको सम्वन्धित डिग्री अन्तर्गतको कूनै एक विभागमा मेरिटको आधारमा भर्ना लिईनेछ । त्यसैगरि M.Sc.An.Sc./Aqua. परिक्षामा उतिर्ण विद्यार्थीले सम्वन्धित विभागहरुमा भर्ना हून २०७८।११।२० गते दिउसो १२ बजे भित्र यस अध्ययन संस्थान, डीनको कार्यालय कीर्तिपूरमा अनिवार्य उपस्थित हूनूपर्ने छ । कूनै एक विभागमा कम्तिमा ४ देखि बढिमा तोकिएको संख्यामा मेरिटको आधारमा भर्ना लिईनेछ ।

४.२. मेरिट क्रममा भएका विद्यार्थी तोकिएको समयमा नआइपूगेमा मेरिट क्रम अनूसार भर्ना प्रकृया नियमित हूनेछ । यसरी विद्यार्थी भर्ना भईरहेका बखत अधिकतम संख्या नपूगेको अवस्थामा अगाडिका मेरिट क्रमका विद्यार्थीहरु आइपूगेमा भर्ना प्रकृया जहा पूगेको छ सोहि स्थानवाट भर्ना लिईनेछ । तर अधिकतम संख्या पुरा भईसकेको अवस्थामा अगाडिका मेरिटका विद्यार्थी भएपनि समय सकिएपछि आएमा सो विषयमा भर्ना लिईने छैन । दूई वटा degree program मा परीक्षा दिएका बिद्यार्थीको हकमा यदि कसैको नाम दूबै कार्यक्रममा निस्कीएको भए तापनि एक बिभागमा भर्ना भएपछि अर्को बिभागमा भर्ना लिईने छैन । विभाग सञ्चालन गर्नको लागि न्यूनतम विद्यार्थी संख्या ४ जना नपुगेमा सोहि डिग्रीअन्तर्गतको प्रवेश परीक्षा दिएको विषयहरुमा समायोजन गरिनेछ ।

४.३. भर्ना हून आउदा तल उल्लेखित कागजतको सक्कल प्रति अनिबार्य रुपमा रुजू गराउनू पर्नेछ । कूनैपनि प्रमाणपत्रको प्रतिलिपि भर्ना प्रयोजनको लागि मान्य हूने छैन । विद्यार्थी स्वयं आफू आउन नसक्ने अवस्था परेमा विद्यार्थीको नागरिकतावाट नाताखूलेको प्रमाण पेश गरि भर्ना गर्न सकिनेछ ।

क) रकम जम्मा गरेको वैक भौचर ।
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।
ग) स्नातक तहको लब्धाङ्कपत्र (Transcript) । आवश्यक परेको खण्डमा १०+२ वा सो सरहको लब्धाङ्कपत्र समेत माग गर्न सकिनेछ । तसर्थ सो समेत लिइ आउनूपर्नेछ ।
घ) स्नातक तहको प्रमाणपत्र (चारित्रिक वा प्रोभिजनल वा मूल प्रमाणपत्र) । नेपाल वाहिरका विश्वविद्यालयको हकमा चारित्रिक प्रमाणपत्र मान्य हूने छैन ।
ङ) त्रि. वि. वाहेक अन्य संस्थावाट स्नातकतह पूरागर्नेहरुको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य छ ।

**५. भर्ना शुल्क सम्वन्धमा**

भर्ना शुल्क नेपाल बैंक लिमिटेडको कृ.प.वि.अ.सं. पिजी खाता ०४५००१००१०५३९९००००१ मा जम्मा गरी सोको सक्कलै भौचर भर्नाको समयमा बुझाउँनु पर्नेछ । IDF शुल्कको हकमा भौचरको Deposit मा विद्यार्थीको नाम लेख्नु पर्नेछ । भर्ना हुँदा वुझाउने शुल्क तल तालिकामा दिइएको छ ।

त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञानअध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

दोस्रो सत्रवाट नियमित सत्र शुल्क र IDF एंव सेवाकालिन कोटामा भर्ना भएकाले बाँकी शुल्कहरु वुझाउनु पर्नेछ ।

| विवरण | शुल्क (रुपैयामा) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | **Merit** | **Half IDF** | **Full IDF** | **In-service** | |
| कृषि विज्ञान | ५४,२००/- | १,०४,२०० /- | १,५४,२०० /- | ३,०४,२००/- | भर्ना हुँदा |
| पशु विज्ञान | ५४,२००/- | १,०४,२०० /- | १,५४,२०० /- | ३,०४,२००/- | भर्ना हुँदा |
| मत्स्य विज्ञान | ५४,२००/- | १,०४,२०० /- | १,५४,२०० /- | ३,०४,२००/- | भर्ना हुँदा |
| पशु चिकित्सा विज्ञान | ५९,७००/- | १,०९,७०० /- | १,५९,७०० /- | ३,०९,७००/- | भर्ना हुँदा |

### ६. कोर्ष रजिष्ट्रेशन र कक्षा सञ्चालन

कोर्ष रजिष्ट्रेशन मिति २०७८/११/२९ गते र अभिमूखिकरण कक्षा मिति २०७७/११/३० गते हूनेछ । कूनै पनि विद्यार्थीले उल्लेखित दिनमा कोर्ष रजिष्ट्रेशन नगराएमा नियमानूसार बिलम्ब शुल्क लाग्नेछ ।

### ७. भर्ना रद्ध सम्वन्धमा

भर्ना भएका बिद्यार्थीले कुनैपनि कारणबाट अध्ययन नगरेमा वा बिचमा छाडेमा अध्ययन संस्थानलाइ बुझाएको कुनै पनि रकम फिर्ता हुने छैन । यसको साथै कोर्ष रजिष्ट्रेशनको दिनसम्ममा कूनै विद्यार्थीले भर्ना भएर पनि स्वयं उपस्थिति भइ पढ्न नसक्ने लिखित जानकारी गराएमा मेरिट क्रमवाट विद्यार्थी भर्ना आव्हान गरिनेछ । यसरी भर्ना हूने विद्यार्थी IDF कोटा अन्तर्गत पर्नेछन् । भर्ना भइ सकेका विद्यार्थीको हकमा कूनै फेरवदल गरिने छैन ।

डा.किशोर चन्द्र दाहाल
संयोजक तथा सहायक डीन
स्नातकोत्तर भर्ना समिति